# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

**बलम्बु, काठमाडौँ**

**बागमती प्रदेश**

## न्यायिक समितिबाट भएको

## निर्णय

निर्णय नं. : १३

**निवेदक/वादीको नाम, थर, ठेगाना**

रामकृष्ण सुनारको बुहारी राजेन्द्र सदाशंकर सुनारको श्रीमति काठमाडौँ जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १४ को हाल परिवर्तित वडा नं. ९ मच्छेगाउँ खुसीखुशी चोक बस्ने वर्ष २८ को निता लगुन सदाशंकर ............. १

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

फस्टबहादुर सुनारको नाती रामकृष्ण सुनारको छोरा काठमाडौँ जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १४ को हाल परिवर्तित वडा नं. ९ मच्छेगाऊ खुसीखुशी चोक बस्ने अं. वर्ष ३७ को राजेन्द्र सदाशंकर सुनार ........................... १

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको फोटोकपी .... १

ख) विवाह दर्ताको प्रमाणपत्रको फोटोकपी.. १

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको फोटोकपी .... १

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू**

१) आर्थिक हैसियत खुलाई दिएको दर्ता नं. ३७५ दर्ता मिति २०७७/६/४ को सक्कलै निवेदनको २(दुई) पाना ........................................................................ १

२) आर्थिक हैसियत खुलाई दिएको दर्ता नं. ३७२ दर्ता मिति २०७७/०६/२३ को सक्कल निवेदनको ३(तीन) पाना ........................................................................ १

३) मालपोत कार्यालय कलंकीको श्रेस्ता उतार प्रमाणित ४(चार) पाना .........................१

४) मालपोत कार्यालय लगनखेल, ललितपुरको श्रेस्ता उतार प्रमाणित २(दुई) पाना ........ १

**विवादको विषय : जीवन निर्वाहाको व्यवस्था गराई शान्ति सुरक्षा दिलाई न्याय पाउँ ।**

मु नं. : २३

**<u>वादीको दावीको संक्षिप्त व्यहोरा</u>** :

१. उपरोक्त विपक्षीसँग मेरो मिति २०७०/०१/११ मा परम्परा अनुसारको मागि विवाह भएको विवाह पछि हाम्रो नाता सम्बन्ध राजा हरिशचन्द्रको जस्तो प्रगाढ थियो । मैले एउटा असल श्रीमतिले गर्नुपर्ने निभाउनु पर्ने जिम्मेवारी पुरा गरेकै थिए भने एउटा पतिले गर्नुपर्ने दायित्व पूर्ण रुपमा पुरा गर्नु भएको थियो यसरी म निवेदकको विवाह पछि विहानको सम्पूर्ण घरधन्दा सकी खाना लिई बज्राचार्य सुन पसल सतुंगलमा आएर पसलको काम सँगै गर्थ्यौ । मैले पसलमा आएका ग्राहकलाई मिलनसार व्यवहार गरी सबै व्यवहार म आफैले लेनदेन गर्ने र राख्ने काम म आफैले गर्ने गरेकी थिए भने मेरो पतिलाई पनि पूर्ण रुपमा विश्वास थियो र नाता सम्बन्धमा दुवै तिर विगत देखि हालसम्म नै राम्रो रहेको छ । यसरी नै जीवन चलिरहेको थियो यहि क्रममा मिति २०७६/०१/२६ गते चुनदेवी चोकमा प्रहरीले रेड मार्दा दुवैलाई रंगे हात गिरफ्तार भई बलम्बु प्रहरीले उक्त महिला तारा मगर नावालिका छोरी सहित बलम्वु प्रहरी चौकीमा एक रात राखी भोलि पल्ट २७ गते म निवेदिकाले विपक्षी पतिको जवानी साक्षी बसि चौकीबाट छुटाई लेराएको थिए । त्यस पछि पनि म पिडितले उक्त घटनालाई शब्दमा भन्न नसक्ने जीवनलाई मर्माहत पारी मुटु नै भेदन गरी संसार नै सुन्यतामा गएको मेरो जीवनको त्यो क्षणलाई कसको घर झगडा हुँदैन र श्रीमान् श्रीमतिको घर झगडा परालको आगो भने झैं नारी सहनशील एकता, धैयता र धर्ती भएर घर बिगार्न हुँदैन जे भयो भयो भनि चुप लागि नियमित आफ्नो काम गरी घर व्यवहार गरी बसि आएका थियौं ।

२. यसै गरी मिति २०७५ सालको दशै माने पछि विपक्षी मेरो पतिले मसँग अनायास मै झैझगडा गर्ने, विवाद गर्ने, सामान्य कुरामा पनि निहु खोज्ने कार्यमा कमि हुनुको साटो बढ्न थाल्यो । म सोझी आज मिल्छ भोलि मिल्छ भनि सहरै बसिरहे उहाँले म नारी भएकोले केही पनि गर्न सक्दैन भनि सकेको गरेर देखा भन्ने गर्दा पनि मैले घर बिगर्नु हुँदैन भनि मेरो माइति र उहाँको नाता भित्रका आफन्तले पनि पटक पटक सम्झाउदा समेत केही सिप लागेन म गरेरै देखाउँछु भनि उल्टै मलाई थर्काउने गर्नु हुन्छ । मलाई पटक पटक महिला हिंसा गर्ने, खाएको नखाएको विचार नगर्ने, विरामी परेको बेलामा मरोस बाँचोस ख्याल नराख्ने र म सुन पसलमा गएर काम सघाउन खोज्दा उल्टै मरणासन्न हुने गरी कुटपिट गर्ने र उल्टै मेरो शरीरमा एसिड आक्रमण गर्दा खुट्टामा परी घाउ नै भयो म लामो समय विरामी परी बस्दा समेत उपचार गर्न जाउ समेत भन्नु भएन म आफैले

सकि नसकी उपचार गरी निको भएँ । यसरी म माथि भएको जघन्य हिंसा सहन नसकी यो उजुरी गर्न आएकी छु ।

३. यो निवेदन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७, नेपालको संविधान र संविधानमा मौलिक हकको व्यवस्था, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४, प्रचलित नेपाल कानुन, ऐन, नियम र निर्देशिकाले गरेको व्यवस्था अनुसार म पिडित नारीलाई जीवन र धनको सुरक्षाको व्यवस्था मिलार्य न्याय दिलाई पाउँ भन्ने उजुरी माग दावी रहेको ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा** :

१) उजुरकर्ता र मेरो विचमा मागी विवाह भएको कुरा ठिक साँचो हो । मिति २०७६/१/२६ मा प्रहरीले रेड मारेको भनेको निजले मलाई लगाएको फतुर शिवाय केही होइन । कोही कसैको श्रीमति मेरो पसलमा आउनु र निजको फट्याईले मलाई प्रहरीले सोधपुछ गर्नु रेड हाल्नु होइन । मलाई कुनै महिलासँग कुनै कोठामा गलत कार्य गर्दै गर्दाको अवस्थामा फेला पारेको होइन । निजकै जाल प्रपन्च र मेरो विरुद्ध प्रहरी परिचालन गरी सोधपुछ गरेको कार्य निजकै म विरुद्धको कुनियत हो निजले मेरो विरुद्ध गरेको हर्कत मात्र हो मैले गैह्र कानुनी कार्य गरेको भए प्रहरीले मलाई माया गरेर घर जाउ भनेर पठाउने थिएन । मलाई पुलिसले रेड हानेको मैले अन्यत्र महिलालाई प्रयोग गरेको भन्ने आसयको निवेदनमा उल्लेख गर्नु म विरुद्धको अर्को फतुर बाहेक केही होइन । मेरो श्रीमती भएर दिन रात मेरो विरुद्ध आफ्ना दाजुभाई, प्रहरी र अन्यत्र व्यक्ति परिचालन गरेर बस्ने गरेकोले म आफैलाई सुरक्षाको गम्भिर समस्या सृजना भएको छ एक्लै हिंड्नु पर्छ बदनियतपूर्वक अनावश्यक व्यक्तिहरू परिचालन गरि रहेको कुराले मेरो सुरक्षा खतरा छ मैले निजलाई कुटपिट गरेको खान लाउन नदिएको केही होइन म देखि अलग बसेको विगत २०७३ साल देखि नै हो । के कुन नियतले अलग बसेकी हुन मलाई थाहा भएन । कहिले माइतीका दाजुभाइ कहिले उनाउ व्यक्ति कहिले प्रहरी परिचालन गरिरहेको अवस्था छ हाल यो निवेदन लिएर आएकी रहिछन् । मेरो कारण निजको सुरक्षामा कुनै खतरा छैन बरु मेरो विरुद्ध निजले गरेको षड्यन्त्रले मलाई मर्माहत बनाएको छ । काठमाडौं उपत्यकामा भएका धेरै अस्पतालमा निजको उपचार भएको छ ।

२) मैले निजलाई कुटपिट गरेको छैन । मेरो स्थायी आम्दानीको श्रोत केही पनि छैन । मैले निजलाई उपचार गर्ने काम मेरो क्षमताले भ्याएसम्म निरन्तर अस्पतालहरूमा लगेर उपचार गरेको हो । उपचार नगरेको कुरा विलकुल फतुर मात्र हो निजलाई उपचार गर्दा गर्दा मसँग भएको रकम समेत सकियो । निजकै उपचारमा लागेको ऋणको व्याज समेत तिर्न सकेको

छैन पसल व्यवसाय चलेको पनि छैन रोगको महामारीले गर्दा आम्दानीको श्रोत पनि केही छैन । अब मेरो आर्थिक क्षमताले उपचार गराउन सक्ने हैसियत पनि मसँग छैन । निजलाई जीवन निर्वाहको व्यवस्था गरि दिन भन्दा निजले हात पाखुरा सहितको सवल अवस्था भएकोले काम गरि कमाएर खानु पर्छ मैले कमाएर भए देखि निजलाई दिने हो । निजसँग मसँग भएको नगद सहित उनैसँग भएकोले उक्त रकम मलाई दिएमा हाल बैंक व्याज तिर्न सहज हुने भएकोले निजसँग भएको रकम दिलाई पाउन यसै निवेदन साथ अनुरोध गर्दछु ।

३) मैले खान लाउन दिनुपर्ने अवस्था पनि निजको छैन । मेरो आफ्नै कमाई केही पनि नभएको अवस्थामा मैले निजलाई के दिनु ? बरु मलाई निजले दिनुपर्ने जोसँग छ उसले दिने हो । मसँग भएको समयमा मैले दिएको हो । हाल मसँग कुनै आम्दानी छैन । मैले निजलाई कुटपिट गरेको पनि छैन गर्नुपर्ने जरुरी पनि छैन । मैले एसिडले हानेको भन्ने कुरा पनि गलत हो एसिडले हान्ने भए टाउको र अनुहारमै हान्ने थिएँ । खुट्टामा एसिड कहिँ कतै गएर हालेर मलाई आरोप लगाउने बाटो बनाएको हुन सक्छ निजलाई मैले एसिड हानेको छैन । मलाई पनि निजले मसँग विवाह गरेर आए पछि पुरुष हिंसा गर्न हुँदैन । मैले खाए नखाएको विचार गर्ने दायित्व पनि निजको होला निजले मलाई खाना पकाएर दिएको पनि छैन । विगत २०७३ सालदेखि मसँग बसेको पनि छैन । निजसँग मेरो बस्न सक्ने अवस्था पनि छैन । निजले मेरो विरुद्ध ठाउँ ठाउँमा उजुरी गर्दै हिँड्न चाहिदो नचाहिँदो कुरा, गर्ने भए नभएको आरोप लगाउने भए पछि निजले कानुनी रुपमै मसँग अलग भएर बस्दा हुन्छ । सँगै जीउन सक्ने अवस्था विद्यमान पनि छैन । मन फरक भए पनि हिँड्ने बाटो पनि फरक हुन्छ भनेझैं म विरुद्ध निरन्तर षड्यन्त्रमा लागेर मसँगै जीवन बिताउने कुरा सहज पनि होइन । निजको कानुनी हक अधिकार कानुनी रुपमै लिएर आफ्नो बाटो तय गर्न निजलाई आवश्यक सल्लाह प्रदान गरि मेरो तनावपूर्ण जीवनको निकास दिनुहुन यसैसाथ अनुरोध गर्दछु भन्ने समेत व्यहोराको प्रतिवादी जिकिर रहेको ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

प्रमाणलाई विचार गर्दा वादी निता लगुन सदाशंकर र विपक्षी राजेन्द्र सदाशंकर सुनार बीच पति पत्नीको नाता सम्बन्ध रहेको ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

दुवै पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

जीवन निर्वाहको व्यवस्था गराई पाउँ भन्ने समेतको उजुरीकर्ताको माग दावी रहेकोमा नाता सम्बन्धमा प्रतिवादीले स्वीकार गरेको भएता पनि सम्बन्ध कायम राख्न इन्कारी गरेको देखियो । यस न्यायिक समितिले निम्न विषयमा निर्णय दिनुपर्ने देखियो ।

१) उजुरीकर्तालाई जीवनयापनको लागि प्रतिवादीले व्यवस्था गरिदिनुपर्ने नपर्ने ?

## निर्णय खण्ड

१) प्रस्तुत विवाद मेलमिलाप प्रकृयाबाट निरुपण गर्न प्रयास गरी पटक पटक छलफल गराउँदा मेलमिलाप हुन सक्ने अवस्था देखिएन । यसमा निर्णय तर्फ विचार गर्दा प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ उपदफा १ को देहाय (छ) ले यसै न्यायिक समितिको क्षेत्राधिकार भित्रकै विवाद देखिदा पक्ष विपक्षको माग दावी र लिखित जवाफ जिकिर समेतको विश्लेषण गर्दा उजुरकर्ता निता लगुन सदाशंकर र प्रतिवादी राजेन्द्र सदाशंकर सुनारका बीच पतिपत्नीको नाता सम्बन्ध कायम रहेकोमा विवाद देखिएन । प्रतिवादीले सँगै बस्न नसक्ने जिकिर लिएता पनि मुलुकी देवानी संहिता २०७४ को दफा ८२ को अवस्था समेत विद्यमान नदेखिदा पत्नीको जीवनयापनको लागि व्यवस्था गर्नुपर्ने दायित्वबाट यी प्रतिवादी पन्छिन मिल्ने देखिएन । सोही ऐनको दफा ८९ बमोजिम पति वा पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्नेछ भन्ने कानुनी व्यवस्था रहेकोमा यी उजुरकर्ताको कुनै आयश्रोत नभएको र यिनको जिम्मामा कुनै सम्पत्ति समेत रहेको नदेखिदा पतिबाट खान लगाउन व्यवस्था गरी दिनुपर्ने नै देखिन आयो । यसमा यि उजुरकर्ता निता लगुन सदाशंकरले पति राजेन्द्र सदाशंकर सुनारबाट उजुरी परेको मितिदेखि २०७७/०३/११ देखि प्रत्येक महिना खानाखर्च, लत्ताकपडा, स्वास्थ्योपचार समेतको लागि रु. १५,०००/- (पन्ध्रहजार) दिलाई पाउने साथै मुलुकी देवानी संहिता, २०७४ को दफा ८७ बमोजिम पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिने हुँदा उजुरीकर्तालाई हाल बसोवास गरिरहेको घरमा नै बसोवास गर्ने व्यवस्था सुरक्षित हुने निर्णय गरियो ।

## तपसिल खण्ड

क) उजुरीकर्ता निता लगुन सदाशंकरले प्रतिवादी राजेन्द्र सदाशंकर सुनारबाट प्रति महिना रु. १५,०००/- (पन्ध्रहजार) दिलाई पाउने निर्णय भएकोले उजुरी परेको मिति

२०७७/०३/११ देखि हालसम्मको एक मुष्ठ रकम उजुरीकर्तालाई प्रतिवादीबाट दिलाई दिनु । सोको जानकारी चन्द्रागिरि नगरपालिकाको कार्यालयलाई दिनु । ...................... १

ख) प्रतिवादीले तारिख गुजारी बसेको देखिदा निजलाई पुनरावेदनको म्याद दिई रहनु परेन ।.. २

ग) सरोकारवाला पक्षले नक्कल माग गरेमा नियम अनुसार दिनु । ................................ ३

घ) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी अभिलेख शाखामा बुझाईदिनु । ........................................................................................... ४

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य

श्री माधव के.सी.

सदस्य

श्री सुरेन्द्र के.सी.

<u>निर्णय तयार गर्न सहयोग पुऱ्याउने</u>

गणेश खत्री

<u>कम्प्युटर टाइप गर्ने</u>

चिरञ्जीवी खड्का

इति सम्वत् मिति २०७७ साल असोज महिना ३० गते रोज ६ शुभम् .............................